# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ४ मितिः २०८२।०३।२६

**भाग-१**

शिवराज नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम शिवराज नगरसभाले यो **शिवराज नगरपालिकाको स्टार्टअप उद्यम कर्जा कोष (स्थापन र सञ्चालन) ऐन,** २०८२ जारी गरेको छ ।

खण्डः ९ संख्याः ४ मितिः २०८२।०३।२६

# शिवराज नगरपालिकाको स्टार्टअप उद्यम कर्जा कोष (स्थापन र सञ्चालन) ऐन, २०८२

**नगर सभाबाट स्वीकृत मितिः २०८२।०३।१०**

**प्रस्तावना**

शिवराज नगरपालिका क्षेत्रमा नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका उद्यमीलाई स्टार्टअप उद्यममा संलग्न हुन उत्प्रेरित गर्दै सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने सम्बन्धी काम कारबाहीका लागि कोष स्थापना र सञ्चालन गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी शिवराज नगपालिकाले यो ऐन, बनाएको छ।

१ **संक्षिप्त नाम र प्रारम्भः**

क) यस ऐनको नाम शिवराज नगरपालिका स्टार्टअप उद्यम कर्जाकोष सञ्चालन ऐन, २०८२ रहेको छ।

ख) यो ऐन शिवराज नगरपालिकाको नगरसभाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२ **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

क) "उद्यमी" भन्नाले दफा ४ मा उल्लेखित उद्यम गर्ने व्यक्ति सम्झनु पर्दछ र सो शब्दले त्यस्तो उद्यम गर्ने एकल वा सयुक्त/ साझेदारी फर्म समेतलाई जनाउँछ।

ख) "कर्जा" भन्नाले स्टार्टअप उद्यमको लागि दफा १० को उपदफा (२) बमोजिम योग्यता पुगेका उद्यमीलाई प्रदान गरिने कर्जा सम्झनु पर्दछ।

ग) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको कोषलाई सम्झनु पर्दछ।

घ) "प्रतिष्ठान" भन्नाले सरकारी निकायमा दर्ता कायम भएको कुनै उद्यम गर्ने व्यवसाय सम्झनुपर्दछ।

ङ) "बैङ्क/वित्तिय संस्था/सहकारी संस्था" भन्नाले तोकेको कर्जा प्रवाह गर्ने वित्तीय संस्था सम्झनु पर्दछ।

च) "स्टार्ट उद्यम" भन्नाले नविन प्रविधि एवम् सृजनशील सोचको प्रयोग गरी कुनै वस्तु वा सेवाको उत्पादन वा सञ्चलान वा वितरण प्रक्रियामा स्तरोन्नतीको सम्भावना रहेको उद्यम सम्झनु पर्दछ।

छ) "सहभागी" भन्नाले स्टार्टअप उद्यममा सहभागि हुन चाहेको दफा ४ बमोजिम उद्यम गरेको शिवराज नगरपालिकाको स्थानीय बासिन्दा सम्झनु पर्दछ।

ज) कार्यविधि भन्नाले शिवराज नगरपालिकाको स्टार्ट अप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८२ सम्झनुपर्दछ।

३ **कोषको स्थापना र उपयोगः**

१ नगरपालिका क्षेत्र भित्र नयाँ सोच सहित उद्यम संचालन गर्न चाहेका इच्छुक नगरबासिका लागि सहुलियत दरमा कर्जा प्रवाह गरी उद्यमशिलता सृजना गर्ने रोजगारीका अवसर सहित आत्म निर्भर बानाउन र स्थानीय तहको आर्थिक बिकास गर्न समेतका लागि एक स्टार्टअप उद्यम कर्जा कोष स्थापना गरिएको छ।

२ कोषमा देहाय बमोजिमका रकम रहनेछ

क. नगरसभाबाट स्टार्ट उद्यम कर्जा प्रवाहको लागि प्रत्येक आ.व.मा विनियोजित गरेको रकम,

ख. संघीय, प्रदेश तथा स्थानिय सरकारबाट प्राप्त रकम,

ग. विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

घ. स्वेदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

ङ. कर्जावापतको साँवा र व्याज फिर्ता रकम

च. अन्य कुनै श्रोतबाट प्राप्त रकम।

३ उपदफा २ (ग) बमोजिम रकम प्राप्त गर्न प्रचलित कानून बमोजिम स्वीकृति लिइनेछ।

४ नगरपालिकाले कर्जा प्रवाहाको लागि यसै दफा बमोजिम स्थापना भएको कोषबाट बैङ्क/वित्तिय संस्था संस्था/सहकारी संस्थालाई आवश्यक रकम उपलब्ध गराउनेछ, सो बमोजिमको रकम उक्त संस्थाहरुले छुट्टै खाता खोली स्टार्ट उद्यम कर्जा प्रयोजनको लागि प्रयोग गर्नेछ ।

५ उपदफा (४) बमोजिम नगरपालिकाले उपलब्ध गराएको कर्जा रकम बैङ्क/वित्तिय संस्था/सहकारी संस्थाले कुन कुन परियोजनालाई कर्जा प्रवाह गरेको छ सोको अभिलेख एक प्रति शिवराज नगरपालिकाको आर्थिक विकास शाखामा कर्जा प्रवाहा भएको मितिले ३ दिन भित्र पेश गर्नुपर्नेछ ।

४ **स्टार्टअप उद्यम वा व्यवसायका मापदण्डः**

१ स्टार्टअप उद्यम वा कर्जा प्रवाह गर्ने प्रयोजनको लागि देहायका मापदण्ड पूरा गर्ने वा गरेका उद्यम वा व्यवसाय कर्जा सुविधाका लागि योग्य हुनेछनः

(क) प्रचलित कानून बमोजिम नेपालमा दर्ता भएको।

(ख) स्थानीय श्रोत साधन कच्चा पदार्थ श्रम र सिपको परिचालन गर्ने।

(ग) कम्तिमा ३ जनालाई रोजगार प्रदान गर्ने।

(घ) स्थिर पूँजी (घर जग्गाको मूल्य बाहेक) रु. २५ लाख भन्दा बढी नभएको।

(ङ) बैदेशिक रोजगारबाट फर्केका,व्यवसाय गर्न चाहेका,स्थानीय तहबाट सीप विकासका तालिम लिएका नयाँ व्यवसाय गर्न चाहने व्यवसायीलाई प्राथमिकता दिने ।

(च) कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण प्रकियामा उपभोक्ताले भोग्दै आएको समस्यालाई समाधान गर्न सूचना प्रविधिको उपयोग एवं सृजनशिल सोचको प्रयोगको कार्य।

२ उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम कर्जा प्रवाह गर्ने प्रयोजनका लागि देहाययका उद्यम व्यवसायलाई स्टार्टअप उद्यम मानिने छैनः-

(क) प्रचलित कानून बमजिम नेपालमा दर्ता नभएको।

(ख) सूचना प्रविधि एवं नविनतम् सोचको प्रयोग नगरी वस्तु वा सेवा विदेशबाट आयात गर्ने कार्य,

(ग) विद्यमान कम्पनी वा व्यवसायलाई टुक्राएर वनाइएको वा सहायक कम्पनी वा फर्मको रुपमा काम गर्ने,

(घ) कर्जा सूचना केन्द्रमा कालोसूचिमा परेको वा त्यस्तो व्यक्तिबाट सञ्चालन भएको,

(ङ) कर प्रयोजनको लागि स्थायी लेखा नम्बर नलिएको,

(च) होल्डिङ्ग कम्पनिको रुपमा औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम मझौला वा ठूला उद्योगको वर्गिकरणमा पर्ने उद्यम,

(छ) प्रचलित कानूनले प्रतिबन्ध लगाएका अन्य विषय।

५ **स्टार्टअप उद्यमको क्षेत्रः-** स्टार्टअप उद्यमको रुपमा सञ्चालन गर्न सकिने उद्यमका क्षेत्र देहाय बमोजिमका हुनेछनः-

(क) कृषि तथा पशुपनछीमा आधारित,

(ख) वन (जडीबुटी वन पैदावार) मा आधारित,

(ग) पर्यटन प्रवर्द्धनमा तथा मनोरञ्जन र अतिथि सत्कार सँग सम्बन्धित,

(घ) विज्ञान प्रविधि सञ्चार तथा सूचना प्रविधिमा आधारित,

(ङ) मानव स्वास्थ्य सेवासँग सम्बन्धित,

(च) शिक्षा तथा शिक्षण सिकाईसँग सम्बन्धित,

(छ) सहज र सुरक्षित यातायात तथा पारवहन सेवासँग सम्बन्धित,

(ज) पूर्वाधार निर्माण कार्यसँग सम्बन्धित,

(झ) अटोमोबाइलसँग सम्बन्धित,

(ञ) परम्परागत प्रविधि उत्पादन र सेवा प्रवाहको प्रक्रियामा सुधारसँग सम्बन्धित,

(ट) खानी तथा खनिज अनुसन्धान र विकाससँग सम्बन्धित,

(ठ) घरायसी वा दैनिक जीवनयापनलाई सरल सहज सुरक्षित बनाउन सहयोग पुग्ने,

(ड) खाद्य उत्पादन तथा प्रशोधन,

(ढ) फोहोरमैला व्यवस्थापन तथा वातावरण।

६ **कोषको रकम उपयोग गर्न नपाइनेः**

सञ्चालक समितिको बैठक भत्ता खाजा भम्रण मसलन्द छपाई पत्रपत्रिका विज्ञापन लगायतका कुनै पनि प्रशासनिक कार्यका निमित्त कोषको रकम खर्च गर्न पाइने छैन। तर उद्यमीलाई क्षमता अभिवृद्धि तालिम दिन अति आवश्यक देखिएमा समितिको निर्णय अनुसार कार्यापालिकाबाट स्वीकृत गराई गर्न सकिनेछ।

७ **समितिको गठनः**

(१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि एक कोष सञ्चालन समिति रहनेछ

(२) समितको गठन देहाय बमोजिम हुनेछः

(क) नगर प्रमुख - संरक्षक

(ख) नगर उप प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) आर्थिक विकास समिति संयोजक - सदस्य

(ङ) सामाजिक विकास समिति संयोजक - सदस्य

(च) अधिकृत कृषि विकास शाखा - सदस्य

(छ) अधिकृत आर्थिक प्रशासन शाखा - सदस्य

(ज) रोजगार संयोजक - सदस्य

(झ) अधिकृत आर्थिक विकास शाखा - सदस्य सचिव

(३) समितको बैठक आवश्यकता अनुसार संरक्षकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) समितिले बैठकमा आवश्यक्ता अनुसार उद्योग वाणिज्य तथा रोजगार क्षेत्रसँग सम्बन्धित विज्ञहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

८ **स्टार्टअप उद्यम कोष सञ्चालन समितिको काम, कर्तव्य,अधिकारः**

(१) समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोषको रकमको संरक्षण गर्ने

(ख) स्टार्टअप उद्यममा कर्जा प्रवाहको लागि नगरपालिकाको स्टार्टअफ उद्यम कर्जा सञ्चालन कार्यविधि २०८२ बमोजिमको विधि र पद्धति अनुसार कार्य गर्ने गराउने ।

(ग) कोषको रकमको बार्षिक लेखापरीक्षण गर्ने गराउने ।

(घ) कर्जा संरक्षणका लागि समन्वय र सहजिकरण गर्ने गराउने,

(ङ) कर्जा प्रवाह गरिएका परियोजनाको प्रगतिको अवस्था र सोबाट प्राप्त उपलब्धि स्पष्ट खुलाई वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका समक्ष पेश गर्ने

(च) स्टार्ट उद्यमको अनुगमन गर्ने गराउने र

(छ) कार्यपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने।

९ **कोषको परिचालन**

कोषको परिचालन परियोजना प्रस्ताव आह्वान र पेश गर्ने, परियोजना प्रस्ताव मूल्याङ्कन, छनौट तथा सिफारिस, सम्झौता तथा कर्जा प्रवाह, कर्जाको धितो तथा कर्जा सुरक्षण, कर्जा भुक्तानी अवधि, कर्जा असुली लगायतका कार्य ऐनले तोके बमोजिम हुनेछन् ।

(१) यस ऐन बमोजिम कर्जा लिएको उद्यमीले सम्झौता मा लेखिएको किस्ता बमोजिम कर्जाको साँवा र ब्याज चुक्ता गर्न चाहेमा चुक्ता गर्न सक्नेछ र सो बापत अतिरिक्त शुल्क लाग्ने छैन।

(२) उपदफा (१) बमोजिम कर्जाको साँवा र ब्याज चुक्ता नगरेमा त्यस्तो उद्यमीलाई बैङ्क/वित्तिय संस्था संस्था/सहकारी संस्थाले प्रचलित कानून बमोजिम खराब कर्जा मा गणना गरी चुक्ता गर्न बाँकी रकम सरकारी बाँकी सरह असुल गर्ने गराउनेछ।

१० **प्रशिक्षण सम्बन्धी व्यवस्थाः**

यस ऐन बमोजिम कर्जाबाट सञ्चालित नव प्रवद्धन (स्टार्टअप) उद्यमलाई उत्प्रेरित गरी उद्यमीको काममा आत्मविश्वास बडाउन नगरपालिकाले सिप विकास तालिम वा क्षमता अभिवृद्धी कार्यक्रम सञ्चालन गर्न सक्ने ।उक्त कार्यक्रम व्यवस्थापन गर्नका लागि नगरपालिकाले छुट्टै बजेटको व्यवस्था गरी वा सम्बन्धित कोषबाट रकम खर्च गर्ने गरी सञ्चालन गर्ने।

११ **समन्वयः**

नगरपालिकाले स्टार्टअप उद्यम कार्यक्रम, क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न र सो का लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोगका लागि संघ, प्रदेश  अन्य स्थानीय तह तथा निजी क्षेत्र, सहकारि संस्था, गैर सरकारी संस्था तथा दातृ निकायसँग समन्वय गर्ने । अन्तराष्ट्रिय दातृ निकायसँगको तहगत सरकारको स्वीकृतिमा कानूनले तोके बमोजिम हुनेछ।

१२ **उद्यमीको दायित्वः**

यस ऐनमा अन्यत्र उल्लिखित दायित्व अतिरिक्त यस ऐन बमोजिम कर्जा प्राप्त गरेका उद्यमीको दायित्व देहाय बमोजिम हुनेछः-

(क) कर्जा रकमलाई परियोजना प्रस्तावमा उल्लेख गरिए बमोजिमको उद्देश्यमा मात्र प्रयोग गर्ने,

(ख) कर्जा सम्झौतामा उल्लेख गरिएबमोजिम कर्जाको साँवा र व्याज सहितको किस्ता रकम चुक्ता गर्ने,

(ग) समिति तथा बैङ्क/वित्तीय संस्था/सहकारी संस्थाबाट गरिने अनुगमनको क्रममा आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराउने,

(घ) आफूले गरेको स्टार्टअप उद्यमको प्रगति प्रतिवेदन वार्षिक रुपमा समितिको सचिवालय र कर्जा प्रवाह गर्ने निकायमा पेश गर्न,

(ङ) परियोजना स्थलमा सर्वसाधारणले देख्ने गरी "शिवराज नगरपालिकाको सहुलियतपूर्ण स्टार्टअप उद्यम कर्जा सुविधा प्राप्त उद्यम" लेखिएको बोर्ड राख्ने र

(च) समिति र बैङ्क/वित्तिय संस्था/सहकारी संस्थाले दिएको निर्देशनको पालना गर्ने।

१३ **खाता सञ्चालनः**

(क) कोषको रकम समितिले कुनै वाणिज्य बैकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(ख) बैंक खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

१४ **कोषको लेखा र लेखा परिक्षणः**

(क) कोषको आय व्ययको लेखा नेपाल सरकारको प्रचलित कानून बमोजिम राखिनेछ।

(ख) कोषको आय तथा व्ययको लेखा परीक्षण नेपाल सरकारको  नियमानुसार हुनेछ।

१५ **रकम फ्रिज नहुनेः**

प्रचलित कानूनमा जेसुकै लेखिएको भए पनि कोषको रकम आर्थिक वर्षको अन्त्यसम्म खर्च नभइ बाँकी रहेमा पनि फ्रिज हुने छैन।

१६ **पुरस्कृत गर्न सक्नेः**

यस ऐन बमोजिम कर्जा प्राप्त गरी प्रभावकारी रुपमा परियोजना कार्यान्वयन गरेर स्टार्टअप उद्यमको विस्तार गर्ने उत्कृष्ट उद्यमिलाई कार्यपालिकाको सिफारिसमा नगरसभाले पुरस्कृत गर्न सक्नेछ।

१७ पुरस्कृत गर्ने कार्यलाई मूल्याङ्कन गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ ।

उप प्रमुख - संयोजक

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

आर्थिक विकास शाखा प्रमुख - सदस्य सचिव

१८ **असल नियत र जवाफदेहिताः**

(१) यस ऐन बमोजिम कार्य सम्पादन गर्ने क्रममा मूल्याङ्कन उपसमिति कार्यान्वयन समितिप्रति र समिति कार्यपालिका प्रति जवाफदेहीक हुनेछ।

१९ **प्रचलित कानून बमोजिम हुनेः**

यस ऐनमा उल्लेख नभएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

२० **आवश्यक व्यवस्था मिलाउन सक्नेः**

यस ऐन अनुसार कार्यान्वयन गर्न दुविधा वा कुनै बाधा उत्पन्न भएको खण्डमा नगरसभाले नेपाल सरकारको संघिय कानून आधार लिई बाधा अड्काउ फुकाउन तथा यस ऐनमा आवश्यक संशोधन गर्न सक्नेछ।

२१ **खारेजीः** शिवराज नगरपालिकाको स्टार्टअप उद्यम कर्जा कोष संचालन कार्यविधि, २०८१ खारेज गरिएको छ ।

*प्रमाणिकरण मितिः २०८२/०३/१०*

*आज्ञाले,*

*बाबुराम पौडेल*

*प्रमुख प्रशासकीय अधिकृत*